नेपाली राजदूतावास, रियाद
**Embassy of Nepal, Riyadh**

سفارة نيبال
الرياض - المملكة العربية السعودية

प्रेस विज्ञप्ति

# नेपाल भ्रमण वर्ष २०२० को साउदी अरबमा शुभारम्भ

1. नेपाली राजदूतावास रियादले जनवरी ७, २०२० का दिन एक विशेष कार्यक्रमको आयोजना गरी साऊदी अरबमा नेपाल भ्रमण वर्ष २०२० को शुभारम्भ गऱ्यो ।

2. स्थानीय Crowne Plaza Riyadh Palace Hotel मा आयोजना गरिएको यस कार्यक्रम साऊदी संसद (Shura Council) का सदस्य, साऊदी च्याम्बरका बोर्ड सदस्य, परराष्ट्र मन्त्रालयका महानिर्देशक तथा अन्य अधिकारीहरु, आन्तरिक मन्त्रालयका महानिर्देशक, साऊदी फण्डका उच्च प्रतिनिधि, साऊदी पर्यटन कमिशनका अन्तरराष्ट्रिय व्यवस्थापक लगायत सरकारी निकायका प्रतिनिधिहरुको कार्यक्रममा उपस्थिति रहेको थियो ।

3. राजदूतावासले यस कार्यक्रममा साऊदी अरबमा नेपालको पर्यटन र भ्रमण वर्ष २०२० को प्रचार प्रसार गर्न मद्दत पुऱ्याउन सक्ने क्षेत्रलाई अत्याधिक उपस्थित गराउने योजना बनाए अनुसार ट्राभल तथा टूर अपरेटरहरु, मिडियाका प्रतिनिधिहरु, तथा एयसलाइन्सका थुप्रै प्रतिनिधिहरुलाई निमन्त्रणा गरिएको थियो । सो अनुरुप कार्यक्रममा ५५ भन्दा बढी ट्राभल तथा टूर कम्पनीका ६५ प्रतिनिधि, १८ जना विभिन्न मिडिया र सोसल मिडियाका प्रतिनिधि, यो क्षेत्रबाट नेपाल उडान गर्ने ५ वटा एयरलाइन्सका प्रतिनिधिहरु, विभिन्न बैंकका प्रतिनिधि र साऊदी नागरिकहरु एवम् गैर-आवासीय नेपाली संघ (NRN), साऊदीमा क्रियाशील विभिन्न नेपाली संघ संस्थाका प्रतिनिधि गरी २०० जना भन्दा बढी प्रतिनिधिको उपस्थिति थियो ।

4. कार्यक्रममा मे २०१९ मा सगरमाथा आरोहण गरेका साऊदी नागरिक Mr. Saud Al Eidi र लेवनानी नागरिक Ms. Nelly Attar को उपस्थिति थियो । उहांहरुलाई ताम्रपत्र र नेपाली खादा प्रदान गरी सम्मान गरिएको थियो ।

5. कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्दै साउदी अरबका लागि नेपाली राजदूत महामहिम प्रा डा महेन्द्र प्रसाद सिंह राजपुतले नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण हिस्साको रुपमा रहेको पर्यटन उद्योगको विकासलाई टेवा पुऱ्याउने उद्देश्यले नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउने निर्णय गरेको जानकारी गराउनु भयो । सन् २०२० र त्यसपछि पनि साऊदी अरबबाट धेरै

नेपाली राजदूतावास

ص.ب ٩٤٣٨٤ الرياض ١١٦٩٣ - المملكة العربية السعودية - تلفون : ٤٦١١١٠٨-٤٦٤٥١٧٠-١١-٩٦٦+ فاكس : ٤٦٤٠٦٩٠-٤٦٥١٨٢٣-١١-٩٦٦+ - الخط الساخن ٥٥٩٣٨٩٦٠٠ ٩٦٦+
P.O. Box 94384 Riyadh 11693 - Saudi Arabia - Tel. : +966-11-4611108-4645170 - Fax : + 966-11-4640690-4651823 Hotline : +966 559389600
Website : sa.nepalembassy.gov.np E-mail: eonriyadh@mofa.gov.np

पर्यटक नेपाल भ्रमणमा जाने विश्वासका साथ राजदूतावासले यो कार्यक्रम आयोजना गरेको उहांले बताउनु भयो ।

6. नेपाल-साऊदी सम्बन्ध मित्रवत् र सौहार्द रहेको र साऊदी अरबमा रहेका नेपाली नागरिकहरुले यो सम्बन्ध बलियो बनाउन मद्दत गरेको बताउँदै अव नेपाल भ्रमण गर्ने साऊदी पर्यटकको सँख्या वृद्धि गरेर यो सम्बन्ध थप मजवूत बनाउनुपर्नेमा उहांले जोड दिनुभयो ।

7. कार्यक्रममा उहांले पर्यावरणीय पर्यटन, दीगो पर्यटन र वातावरण संरक्षणमा नेपाल सरकार सदा सजग, सचेत र प्रतिवद्ध रहेको बताउँदै उहांले जलवायु परिवर्तन, पर्वतीय पर्यावरण, मानव भविष्य लगायतका विषयमा नियमित अन्तरराष्ट्रिय सम्वाद गराउने उद्देश्यले नेपालले सगरमाथा सम्वाद (Everest Dialogue) नामक अन्तरराष्ट्रिय सम्मेलन गर्ने र सोको पहिलो संस्करण यहि अप्रिल २०२० मा काठमाडौंमा आयोजना गर्न लागेको जानकारी गराउँदै यस सम्मेलनमा पर्यावरणीय पर्यटन, दीगो पर्यटन, पर्वतीय पर्यटन लगायतका विषयहरुमा समेत छलफल हुने विश्वास राख्दै नेपाल भ्रमण वर्ष २०२० सफल बनाउन अतिथिहरुको सहयोगका लागि आव्हान गर्नुभयो ।

8. कार्यक्रमलाई दुवै जना सगरमाथा आरोहीहरुले सम्वोधन गर्दै नेपाल स्वर्गको एक टुक्रा भएको धारणा राखेका थिए । आफुहरु लामो समय नेपाल बसेको हुँदा नेपाल आफ्नो दोस्रो घर भएको समेत बताउँदै अन्यलाई पनि नेपाल भ्रमण गर्न प्रोत्साहित गर्नु भएको थियो । कार्यक्रममा मे १९ मै सगरमाथा आरोहण गरेको अर्की आरोही साऊदी महिला Mona Kamal Sahab लाई पनि निमन्त्रणा गरिएको थियो तर उहाँ काम विशेषले साऊदी अरब बाहिर जानुभएकोले कार्यक्रममा उपस्थित हुन सक्नुभएन । उहाँले कार्यक्रमको सफलताको शुभकामना दिंदै भिडियो सन्देश पठाउनु भएको थियो । सन्देशमा उहाँले नेपाल अत्यन्त सुन्दर र भ्रमण गर्नुपर्ने मुलुक रहेको बताउनु भएको थियो ।

10. कार्यक्रममा ITL World मा Leisure Tour व्यवस्थापकका रुपमा कार्यरत नेपाली नागरिक श्री विवेक श्रेष्ठले नेपालको पर्यटनका विभिन्न पक्षहरुको सँक्षिप्त रुपमा प्रस्तुती गर्नुभएको थियो । श्रव्य दृश्य सहित प्रसारण गरिएको उहाँको प्रस्तुतीमा नेपालको पर्यटनलाई Adventure, Culture, Wildlife, Heritage र MICE (Meeting, International Conference, and Entertainment) गरी पाँच खण्डमा प्रस्तुत गरिएको थियो ।

11. यसैगरी कार्यक्रममा नेपाली राजदूतावास, परराष्ट्र मन्त्रालय र नेपाल पर्यटन बोर्डको समन्वयमा नेपालको Familiarisation Trip मा यहाँको लोकप्रिय दैनिक Al Watan का Mauhab Alawar ले नेपालको आफ्नो भ्रमणका बारेमा बताउँदै नेपाल आफुले सुनेको भन्दा नितान्त फरक र स्वर्गीय



नेपाली राजदूतावास
रियाद

मुलुक रहेको पाएको बताउनु भएको थियो । उहाँ साऊदी फर्केपछि आफ्नो पत्रिका लगायत अन्य एक दर्जन जति अनलाइन पत्रिकाहरुमा आफ्नो नेपाल भ्रमणका सम्बन्धमा लेख प्रकाशन गर्नुभएको छ ।

12. भ्रमण कार्यक्रमलाई औपचारिक रुप दिन दुवै देशका राष्ट्रिय गानहरु बजाइएको थियो भने पृष्ठभूमिमा स्क्रीनमा दुवै देशका झण्डाहरु फहराइएको थियो ।

13. महामहिम राजदूत र कार्यक्रमका प्रमुख अतिथि र अन्य विशिष्ट अतिथिहरुले नेपाल भ्रमण वर्षको मस्कट अँकित केक काटेर कार्यक्रमको शुभारम्भ गरिएको थियो ।

14. नेपाली बाँसुरी वादक राज यात्रीले बाँसुरीबाट मँगल धून बजाएर कार्यक्रमलाई थप आकर्षक बनाउनु भएको थियो ।

15. कार्यक्रममा आउनुभएका अतिथिहरुलाई रात्री भोजको व्यवस्था गरिनुका साथै कार्यक्रमको समाप्तिपछि विदेशी अतिथिहरुलाई नेपाली राजदूतावास र नेपाली समूदायले तयार गरेका एवम् नेपाल पर्यटन बोर्डबाट प्राप्त पर्यटन प्रवर्द्धनका सामग्रीहरु उपहार स्वरुप प्रदान गरिएको थियो । यसरी प्रदान गरिएका सामग्रीहरुमा नेपाली राजदूतावासले उत्पादन गरेका नेपाल भ्रमण वर्ष २०२० अँकित Ball Pen, Coffee Mug, Note Book तथा नेपाली समूदायले अरबी भाषामा तयार गरेका Adventure Tourism र Traveller's Information का Brochures एवम् नेपाल पर्यटन बोर्डबाट प्राप्त सामग्रीहरु थिए ।

16. कार्यक्रममा पर्यटन सम्बन्धी विभिन्न भिडियोहरु प्रसारण गरिएको थियो भने कार्यक्रमस्थल, Hall way आदिमा राजदूतावासले उत्पादन गरेका विभिन्न पर्यटकीय दृश्यावलीका तस्वीरहरु आकर्षक स्ट्याण्डहरु (Easels) मा सजाएर राखिएको थियो ।

17. कार्यक्रममा Etihad Airways, Fly Dubai, Himalaya Airlines, Jazeera Airlines, Salam Air ले Raffle Draw का लागि ७ वटा return tickets हरु उपलब्ध गराइ योगदान गरेका थिए । यी विमान कम्पनीहरुले नेपाल प्रवर्द्धन गर्ने फ्लायरहरु र रोल अपहरु समेत प्रदर्शनीमा राखेका थिए ।

18. कार्यक्रमका दौरान होटलको मुख्य लवीमा रहेको टीभी स्क्रीनमा समेत नेपाल भ्रमण वर्षको मस्कट राखिएको थियो ।

यो नेपाल भ्रमण वर्ष शुभारम्भ कार्यक्रमले नेपाल भ्रमण वर्ष २०२० लाई साऊदी अरब र यो क्षेत्रमा प्रवर्द्धन गर्न मद्दत पुग्ने विश्वास रहेको छ ।

नेपाली राजदूतावास
रियाद